# बालोपयोगी जीवनी

## अनन्तप्रसाद वाग्ले

### *१. नेपालका केही ठूला मानिसहरू*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-रोशन अफसेट प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०६०, पृष्ठ-२६+६=३२, मूल्य-अनुल्लिखित; चित्र-अनुल्लिखित; आवरण-गौतम मानन्धर; सम्पादन-जयप्रसाद लम्साल ।

तेह्र जीवनी । शीर्षक-नयराज पन्त, नातिकाजी, अलिमियाँ, सत्यनारायणबहादुर श्रेष्ठ, योगी नरहरिनाथ, इन्द्रबहादुर राई, नारदमुनि थुलुङ, नरबहादुर भारती, माधवप्रसाद घिमिरे, भवानी भिक्षु, द्वारिकादेवी ठकुरानी, मेलवादेवी, रामहरि शर्मा । बालबोध शृङ्खलाअन्तर्गतको ४८ औँ प्रकाशन । यो कृतिमा नेपालको शिक्षा, साहित्य, सङ्गीत, राजनीति, अध्यात्म र विज्ञान क्षेत्रमा योगदान दिएका तेह्र जना प्रतिभाहरूका बारेमा जानकारी दिइएको छ । यी जीवनी सङ्क्षिप्त, सरल र सरस भाषामा लेखिएका छन् । सम्बन्धित व्यक्तिका बारेमा परिचयात्मक जानकारी दिइएका जीवनीको प्रस्तुति भने वर्णनात्मक रहेको छ । कृति प्राथमिक तहका बालबालिकाका लागि तयार गरिएको हो ।

### *२. केही पौरखी नेपालीहरू*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-चित्रवन प्रिन्टर्स प्रालि, चितवन; पहिलो संस्करण-२०६३, पृष्ठ-२२+६=२८, मूल्य-अनुल्लिखित; चित्र-राजन काफ्ले; आवरण-हिमालय गौतम; सामग्री सम्पादन-जयप्रसाद लम्साल ।

नौ जीवनी । शीर्षक-मूर्तिकार कालु कुमाले, कान्छा आरोही तेम्बाछिरी, समाजसेवी अङ्गुरबाबा जोशी, प्रसिद्ध चित्रकार केशव दुवाडी, अनाथालयका तारा डा.डम्बरबहादुर, असल गुरु जोर्ज जोन, विवेकी डाक्टर विवेक प्रधान, प्रकृतिप्रेमी सेबइलाल र कुशल प्रशासक कुलशेखर शर्मा । बालबोध शृङ्खलाअन्तर्गतको ५४ औँ प्रकाशन । नेपाल र नेपालीका लागि योगदान गरे पनि नेपालीहरूले चिन्न नसकेका विभिन्न विधा र क्षेत्रका नौ जना नेपालीको परिचय यस सङ्ग्रहमा प्रस्तुत छ । आकारका दृष्टिले सङ्क्षिप्त, प्रस्तुतिका दृष्टिले सरल र शैलीका दृष्टले वर्णनात्मक रहेको यो कृति बालबालिकाका लागि उपयोगी छ र यसले बालबालिकालाई जीवनका अघि बढ्न प्रेरणा दिन्छ । यो पुस्तक प्राथमिक तहका बालबालिकाका लागि तयार गरिए पनि सबैका लागि उपयोगी देखिन्छ ।

## ईश्वरमणि अधिकारी

### *१. सगरमाथा आरोही अरविन*

प्रकाशक-पोखरा सार्वजनिक पुस्तकालय, पोखरा; मुद्रक-मुनाल अफसेट प्रेस, पोखरा; पहिलो संस्करण-२०५८, पृष्ठ-३६+४=४०, मूल्य-अनुल्लिखित; आवरण-अनुल्लिखित ।

बाह्र उपशीर्षकमा लेखिएको जीवनी । उपशीर्षकहरू-विषयप्रवेश, आरोहणपूर्वको अरविन : एक सन्दर्भ, शैक्षिक यात्रामा अरविन, विविध सोखका धनी अरविन, सगरमाथा आरोहणमा अदृश्य आरोहीहरू, उनको साहसको कथा, आरोहणको चरमोत्कर्ष, आरोहण प्रक्रिया : सङ्क्षिप्त चर्चा, अन्योल र अनिश्चितताबीच : अरविन, आरोहणपश्चात्को अरविन, पुरस्कार र सम्मानको भीडमा अरविन, अरविन र उनले दिएको सन्देश । अरविन सानो उमेरमा पनि सगरमाथा आरोहणको प्रयास गर्ने साहसिला नेपाली बालक हुन् । परिस्थितिअनुकूल नहुनाका कारण उनले सगरमाथा आरोहण बीचैमा त्याग्नु परे पनि उनले देखाएको साहस कदरयोग्य छ । उनै बालक अरविनका शिक्षक स्वयम्ले यो कृति उनका बारेमा तयार गरेका हुन् । यसबाट अरविन र उनको सगरमाथा आरोहण

प्रयासका बारे विस्तृत जानकारी पाइन्छ ।

## कन्हैया नासननी

### १. *विज्ञानका ताराहरू*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५८, पृष्ठ-३२, मूल्य-रु.२५।-; चित्र-राजन काफ्ले; सम्पादन-शाश्वत पराजुली ।

अल्बर्ट आइन्स्टाइन, चार्ल्स डार्विन, म्याडम क्युरी, टमस एल्वा एडिसन, निकोलास कपर्निकस, जोन डाल्टन, अलेक्जेण्डर ग्राहम बेल गरी सात वैज्ञानिकको जीवनी । विज्ञान र वैज्ञानिकहरूबारे जानकारी राख्ने व्यक्तिबाट लेखिएको यो कृति बालबालिकाका लागि अत्यन्त उपयोगी छ । यसमा लेखकले जीवनी प्रस्तुत गर्ने क्रममा वैज्ञानिकका जन्मदेखि मृत्युसम्मको कार्यको सोझो वर्णन मात्र नगरी अरूले नछोएका प्रसङ्गलाई पनि रोचक ढङ्गले पस्केका छन् । सरल भाषा र रोचक शैलीले कृतिलाई उल्लेखनीय बनाएको छ ।

"धेरैजसो वैज्ञानिकले विविध विषयमा योगदान दिएका हुन्छन् । यसमा ती वैज्ञानिकहरूको मुख्य-मुख्य योगदानलाई मात्र उल्लेख गरिएको छ । योगदानका साथै तिनीहरूले आफ्नो जीवनमा झेल्नुपरेका कठिनाइका विषयमा जानकारी गराउनु पनि पुस्तकको अर्को लक्ष्य हो ।" (लेखकीय, *जीवनी-सन्दर्भ*, पृ.३)

### २. *अन्तरिक्ष यात्रीहरू*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-नेपाल टाइम्स प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५९, पृष्ठ-३२, मूल्य-रु.३५।-; चित्र-सुनिल थापा; सम्पादन-शाश्वत पराजुली ।

युरी गागरिन, एलान शेफार्ड, जोन ग्लेन, भालेन्टिना टेरेस्कोभा, नील आर्मस्ट्रङ र एडविन आल्ड्रिन, ब्लाडिमिर मिखाइलोविच कामारोभ, साल्ली के. राइड, युरी मालिशेम आठ शीर्षकमा नौ अन्तरिक्षयात्रीको जीवनी प्रस्तुत । बालबालिकाहरू विज्ञान र अन्तरिक्षबारे औधी रुचि राख्छन् । त्यही रुचिलाई ध्यानमा राखेर नासननीले यो कृति तयार पारेका छन् । यस पुस्तकबाट बालबालिकाले चर्चित र महत्त्वपूर्ण अन्तरिक्षयात्रीहरूका जीवनप्रसङ्गका साथै अन्तरिक्ष र अन्तरिक्ष गतिविधिसम्बन्धी जानकारी पाउने देखिन्छ । विषयका दृष्टिले त यो उपयोगी छँदैछ, शैलीका दृष्टिले पनि रोचक लाग्छ ।

## गोपाल पराजुली

### *१. केही राष्ट्रिय विभूतिहरू*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-दीपक प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-२०३५ (बालसाहित्य प्रकाशन); संस्करण-२०४०, पृष्ठ-२३+५=२८, मूल्य- रु.३।५०; चित्र-अनुल्लिखित ।

कलाकार अरनिको, राष्ट्रनिर्माता पृथ्वीनारायण शाह, देशभक्त भीमसेन थापा, आदिकवि भानुभक्त आचार्य, राष्ट्रपिता श्री ५ त्रिभुवन शीर्षकमा पाँच राष्ट्रिय विभूतिको जीवनी प्रस्तुत । नेपालका राष्ट्रिय विभूतिहरूमध्ये पाँच जनाको सामान्य जीवनी यसमा प्रस्तुत छ । केहीको जीवनी लेख्दा सम्बन्धित व्यक्तिका जीवनका प्रमुख घटनालाई विषयवस्तु बनाइएको छ भने केहीमा जन्मदेखि मृत्युसम्मका घटनालाई सरल भाषामा प्रस्तुत गरिएको छ ।

### *२. केही राष्ट्रिय विभूतिहरू (भाग-२)*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-राजेश प्रिन्टिङ वर्क्स, वाराणसी, भारत; पहिलो संस्करण-अनुल्लिखित (तर २०४५ भन्दा अघि); पृष्ठ-१८+२=२०, मूल्य- रु.३।५०; चित्र-अनुल्लिखित ।

गौतमबुद्ध, न्यायप्रेमी रामशाह, वीर अमरसिंह थापा र कवि मोतीराम भट्ट शीर्षकमा चार राष्ट्रिय विभूतिको जीवनी प्रस्तुत गरिएको । यसमा पनि नेपालका राष्ट्रिय विभूतिहरूमध्ये चार जनाको सामान्य जीवनी प्रस्तुत गरिएको छ । केहीको जीवनी लेख्दा सम्बन्धित व्यक्तिका जीवनका प्रमुख घटनालाई विषयवस्तु बनाइएको छ भने केहीमा जन्मदेखि मृत्युसम्मका घटनालाई सरल भाषामा प्रस्तुत गरिएको छ ।

### *३. पाँच प्रसिद्ध वैज्ञानिकहरूको जीवनी*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-भार्गव आफसेट्स, वाराणसी; पहिलो संस्करण-२०४५, पृष्ठ-२२+२=२४, मूल्य-६।५०; चित्र-अनुल्लिखित ।

जोहन गुटेनवर्ग, ग्यालिलीओ मार्कोनी, अलेग्जेण्डर ग्राहमबेल र माइकेल फाराडे गरी चार वैज्ञानिकको जीवनी । लेखकीय-प्रकाशकीय नभएको । यस सङ्ग्रहमा प्रस्तुत गरिएका जीवनीमा सम्बन्धित वैज्ञानिकको सङ्क्षिप्त चर्चाका साथ उनीहरूको आविष्कारहरूको उपयोगिताबारे प्रकाश पारिएको छ । भाषा

सरल छ, प्रस्तुति वर्णनात्मक छ ।

### ४. *हाम्रा केही प्रसिद्ध साहित्यकार (भाग-१)*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-वेभ प्रिन्टर्स प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०४६; दोस्रो संस्करण-२०५५, पृष्ठ-२८, मूल्य- रु.२०।-; चित्र-शशीन्द्र तामाङ ।

आदिकवि भानुभक्त आचार्य, कवि मोतीराम भट्ट, पण्डित चक्रपाणि चालिसे, पण्डितराज सोमनाथ सिग्द्याल, कविशिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा र नाटककार बालकृष्ण सम गरी सात जना साहित्यकारको जीवनी । यसमा नेपालका सात जना प्रसिद्ध साहित्यकारको सामान्य जीवनी र योगदानलाई सरल र रोचक ढङ्गले दिइएको छ । यसमा प्रकाशित जीवनीमध्ये भानुभक्तको जीवनी **केही राष्ट्रिय विभूतिहरू** (भाग-१) मा र मोतीराम भट्टको जीवनी **केही राष्ट्रिय विभूतिहरू** (भाग-२) मा पहिले नै छापिइसकेका हुन् । कृति विशेषतः नौ-दस वर्षका बालबालिकाका लागि तयार गरिएको हो ।

### ५. *हाम्रा केही प्रसिद्ध साहित्यकार*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५३, पृष्ठ-२८, मूल्य-अनुल्लिखित; चित्र-तुलसी अर्याल ।

इतिहास शिरोमणि बाबुराम आचार्य, वैज्ञानिक नरबहादुर भारती, कवि धरणीधर कोइराला, इतिहासकार सूर्यविक्रम ज्ञवाली, नेपाली भाषासेवी पारसमणि प्रधान र अमर साहित्यकार हृदयचन्द्रसिंह प्रधान गरी छ जनाको जीवनी । यस कृतिमा पनि नेपाली भाषा र साहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्नेमध्येका छ जनाको जीवनी सरल ढङ्गमा दिइएको छ ।

### ६. *केही राष्ट्रिय विभूतिहरू (भाग-३)*

प्रकाशक-वाणी प्रकाशन सहकारी संस्था लि., विराटनगर; मुद्रक-साझा प्रेस सहकारी संस्था लि., काठमाडौँ; पहिलो संस्करण-२०५५, पृष्ठ-२२+४=२६, मूल्य- रु.२०।-; चित्र-अनुल्लिखित ।

ज्ञानी जनक, नेपालकी छोरी सीता, पराक्रमी अंशुवर्मा र वीर बलभद्र कुँवर शीर्षकमा गरी चार राष्ट्रिय विभूतिको जीवनी प्रस्तुत । पहिलो संस्करणमा चार

जना विभूतिको जीवनी प्रस्तुत गरिए पनि पछिल्लो संस्करणमा थप भएका दुई विभूति शङ्खधर साख्वाः र पासाङ ह्लामु शेर्पाको जीवनी पनि समावेश गरिएका छन् । यी जीवनीले विभूतिहरूका बारेमा बालबालिकालाई सामान्य जानकारी दिन्छ र जीवनमा अघि बढ्न उत्प्रेरित गर्छ । भाषा सरल छ ।

### ७. *हाम्रा केही प्रसिद्ध साहित्यकार (भाग-३)*

प्रकाशक-श्रीमती माधवी पराजुली, काठमाडौँ; मुद्रक-वाणी अफसेट मुद्रणालय, काठमाडौँ; पहिलो संस्करण-२०५८ श्रीपञ्चमी, पृष्ठ-३२, मूल्य- रु.२५।- ; चित्र-शशीन्द्र तामाङ ।

भाषासेवी पुष्करशमशेर, कथाकार भवानी भिक्षु, युगकवि सिद्धिचरण श्रेष्ठ, नेपाली साहित्यका ध्रुवतारा विश्वेश्वरप्रसाद कोइराला र उपन्यासकार पारिजात शीर्षकमा पाँच साहित्यकारको जीवनी प्रस्तुत । यो सङ्ग्रह पनि साहित्यकारको जीवनी-शृङ्खलाकै निरन्तरता हो । यसमा पाँच जना प्रसिद्ध नेपाली साहित्यकारहरूको सामान्य जीवनी र योगदानलाई सरल रूपमा प्रस्तुत गरिएको छ । खासगरी नौ-दस वर्षका बालबालिकाका लागि यो कृति तयार गरिएको हो ।

### ८. *हाम्रा केही प्रसिद्ध साहित्यकार (भाग-४)*

प्रकाशक-माधवी पराजुली, काठमाडौँ; मुद्रक-वाणी अफसेट मुद्रणालय, काठमाडौँ; पहिलो संस्करण-२०५९, पृष्ठ-३२, मूल्य-रु.२५।-; चित्र-अरूण सिंह ।

जयपृथ्वीबहादुर सिंह, भाषाशास्त्री महानन्द सापकोटा, भाषासेवी बदरीनाथ भट्टराई, साहित्यकार विजय मल्ल र कवि भूपि शेरचन गरी पाँच जना साहित्यकारको जीवनी प्रस्तुत । यो सङ्ग्रह पनि साहित्यकारको जीवनी-शृङ्खलाकै निरन्तरता हो । यसमा पाँच जना प्रसिद्ध नेपाली साहित्यकारहरूको सामान्य जीवनी र योगदानलाई सरल रूपमा प्रस्तुत गरिएको छ। खासगरी नौ-दस वर्षका बालबालिकाका लागि यो कृति तयार गरिएको हो ।

### ९. *हाम्रा केही प्रसिद्ध साहित्यकार (भाग-५)*

प्रकाशक-माधवी पराजुली, काठमाडौँ; मुद्रक-काभ्रे अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६०, पृष्ठ-३२, मूल्य- रु.२५।-; चित्र-अरूण सिंह ।

आशुकवि शम्भुप्रसाद ढुङ्गेल, कथाकार गुरूप्रसाद मैनाली, भाषासेवी गोपाल

पाँडे असीम, कवि गोपालप्रसाद रिमाल र कवि हरिभक्त कटुवाल गरी पाँच जना साहित्यकारको जीवनी प्रस्तुत । यो सङ्ग्रह पनि साहित्यकारको जीवनी-शृङ्खलाकै निरन्तरता हो । यसमा पाँच जना प्रसिद्ध नेपाली साहित्यकारहरूको सामान्य जीवनी र योगदानलाई सरल रूपमा प्रस्तुत गरिएको छ। खासगरी नौ-दस वर्षका बालबालिकाका लागि यो कृति तयार गरिएको हो ।

### *१०. हाम्रा केही प्रसिद्ध साहित्यकार (भाग-६)*

प्रकाशक-माधवी पराजुली, काठमाडौँ; मुद्रक-नवदुर्गा प्रिन्टिङ सपोर्ट, काठमाडौँ; पहिलो संस्करण-२०६०, पृष्ठ-३४+२=३६, मूल्य- रु.२५।-; चित्र-अनुल्लिखित ।

नाटककार भीमनिधि तिवारी, कवि केदारमान व्यथित, साहित्यसेवी पूर्णप्रसाद ब्राह्मण। साहित्यकार एवम् चित्रकार लैनसिंह बाङदेल, उपन्यासकार दौलतविक्रम विष्ट गरी पाँच जनाको जीवनी प्रस्तुत । यो सङ्ग्रह पनि साहित्यकारको जीवनी-शृङ्खलाकै निरन्तरता हो । यसमा पाँच जना प्रसिद्ध नेपाली साहित्यकारहरूको सामान्य जीवनी र योगदानलाई सरल रूपमा प्रस्तुत गरिएको छ । खासगरी नौ-दस वर्षका बालबालिकाका लागि यो कृति तयार गरिएको हो ।

### *११. पच्चीस प्रतिभा (भाग-१)*

प्रकाशक-सत्याल प्रकाशन, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०६०, पृष्ठ-१००+८=१०८, मूल्य-रु.६०।-; चित्र-अनुल्लिखित ।

पच्चीस नेपाली साहित्यकारको जीवनी । शीर्षक-आदिकवि भानुभक्त आचार्य, कवि मोतीराम भट्ट, पहिलो बालसाहित्यकार जयपृथ्वीबहादुर सिंह, इतिहासशिरोमणि बाबुराम आचार्य, कवि धरणीधर कोइराला, साहित्यकार एवम् नेता विश्वेश्वरप्रसाद कोइराला, कुशल गद्यसाहित्यकार चक्रपाणि चालिसे, आशुकवि शम्भुप्रसाद ढुङ्गेल, भाषासेवी महानन्द सापकोटा, इतिहासकार सूर्यविक्रम ज्ञवाली, कविशिरोमणि लेखनाथ पौड्याल, नाटककार बालकृष्ण सम, महाकवि लक्ष्मीप्रसाद देवकोटा, नेपाली भाषासेवी पारसमणि प्रधान, पण्डितराज सोमनाथ सिग्देल, नाटककार गोपालप्रसाद रिमाल, अमर साहित्यकार हृदयचन्द्रसिंह प्रधान, प्रतिभाशाली भाषासेवी पुष्करशमशेर, कथाकार भवानी भिक्षु, युगकवि सिद्धिचरण श्रेष्ठ, साहित्यकार बदरीनाथ भट्टराई, कथा र नाट्यसाहित्यका प्रतिभा विजय मल्ल, कवि केदारमान व्यथित, उपन्यासकार पारिजात, जनप्रिय कवि भूपी शेरचन । यो कृतिमा **हाम्रा प्रसिद्ध साहित्यकार** शीर्षकमा छापिएका पहिलेका शृङ्खलाबद्ध

कृतिहरूमा छापिएका जीवनी नै पुन:मुद्रित गरिएका छन् ।

### *१२. पच्चीस प्रतिभा (भाग-२)*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-कञ्चन प्रिन्टिङ प्रेस; पहिलो संस्करण-२०६२, पृष्ठ-१११+९=१२०, मूल्य-रु.६०।-; तस्विर-कुमार आले र लेखक; आवरण-ग्राफिक वर्कसप ।

पच्चीस नेपाली साहित्यकारको जीवनी । शीर्षक-नाटककार पहलमानसिंह स्वाँर, साहित्यका दीर्घसेवी ऋद्धिबहादुर मल्ल, उपन्यासकार एवम् शिक्षासेवी रुद्रराज पाण्डे, कथाकार गुरूप्रसाद मैनाली, उपन्यासका स्रष्टा रूपनारायण सिंह, कवि युद्धप्रसाद मिश्र, सम्पादक तथा साहित्यकार काशीबहादुर श्रेष्ठ, नाटककार तथा कथाकार भीमनिधि तिवारी, भाषासेवी गोपाल पाँडे 'असीम', अनुसन्धानकर्ता नयराज पन्त, लेखक तथा हास्यव्यङ्ग्यकार केशवराज पिँडाली, दार्शनिक साहित्यकार चूडानाथ भट्टराय, इतिहासकार बालचन्द्र शर्मा, साहित्यकार जनकलाल शर्मा, विद्वान् साहित्यसेवी पूर्णप्रसाद ब्राह्मण, समालोचक डा.ईश्वर बराल, साहित्यसेवी डा.डिल्लीराम तिमसिना, साहित्यकार एवम् चित्रकार लैनसिंह बाङ्देल, कवयित्री गोमा, प्रसिद्ध उपन्यासकार दौलतविक्रम विष्ट, निबन्धकार शङ्कर लामिछाने, उपन्यासलेखक शङ्कर कोइराला, कवि एवम् गीतकार हरिभक्त कटुवाल, प्रसिद्ध हास्यव्यङ्ग्यकार भैरव अर्याल, कवि एवम् नाटककार वासुशशि । यो कृतिमा **हाम्रा प्रसिद्ध साहित्यकार** शीर्षकमा छापिएका पहिलेका शृङ्खलाबद्ध कृतिहरूमा भएका जीवनीका साथै केही नयाँ जीवनी राखिएका छन् । वर्णनात्मक सरल शैलीमा प्रस्तुत गरिएको यो कृति बालबालिकाका लागि उपयोगी रहेको छ ।

### *१३. पच्चीस प्रतिभा (भाग-३)*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-कञ्चन प्रिन्टिङ प्रेस; पहिलो संस्करण-२०६३, पृष्ठ-९९+१३=११२, मूल्य-रु.६५।-; तस्विर-कुमार आले र लेखक; आवरण-ग्राफिक वर्कसप ।

पच्चीस नेपाली साहित्यकारको जीवनी । शीर्षक-मैथिली भाषाका महाकवि विद्यापति, तपस्वी खप्तडबाबा, भाषासेवी कुलचन्द्र गौतम, प्रतिभाशाली नरबहादुर भारती, महापण्डित दधिराम मरासिनी, साहित्यसेवी राममणि आ.दी., साहित्यिक सहिद कृष्णलाल अधिकारी, शिक्षासेवी वासुदेव भट्टराई, पण्डित साम्बभक्त शर्मा सुवेदी, कविकेशरी चित्तधर हृदय, ऐतिहासिक उपन्यासकार टुकराज मिश्र, विद्वान्

साहित्यकार यदुनाथ खनाल, कर्मवीर योगी नरहरिनाथ, भक्तकवि गुणराज उपाध्याय, लेखक तारिणीप्रसाद कोइराला, गीतकार छिन्नलता, साहित्यकार वासु पासा, समालोचक रामकृष्ण शर्मा, संस्कृतिविद् कुलचन्द्र कोइराला, हास्यकवि कुलमणि देवकोटा, कवि एवम् गीतकार अगमसिंह गिरी, अनुसन्धाता शरद्चन्द्र शर्मा भट्टराई, जनकवि गोकुल जोशी, कथाकार पोषण पाण्डे, कवि कुमुद देवकोटा । यो कृतिमा **हाम्रा प्रसिद्ध साहित्यकार** शीर्षकमा छापिएका पहिलेका शृङ्खलाबद्ध कृतिहरूमा भएका जीवनीका अतिरिक्त केही नयाँ जीवनी थपिएका छन् ।

### *१४. पच्चीस प्रतिभा (भाग-४)*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-कञ्चन प्रिन्टिङ प्रेस; पहिलो संस्करण-२०६४, पृष्ठ-९६+१२=१०८, मूल्य-रु.६५।-; तस्विर-कुमार आले र लेखक; आवरण-ग्राफिक वर्कसप ।

नेपाली र नेवारी भाषाका गरी पच्चीस साहित्यकारको जीवनी । शीर्षक-आदिमहाकवि उदयानन्द अर्ज्याल, नेपालभाषाका महाकवि सिद्धिदास अमात्य, साहित्यकार झपटबहादुर राणा, कविरत्न माधवप्रसाद देवकोटा, पण्डित छविलाल पोखेल, भाषासेवी हरिप्रसाद गोर्खा राई, साहित्यसेवी खड्गमान मल्ल, लोककथाकार करुणाकर वैद्य, सरल समालोचक रत्नध्वज जोशी, हास्यव्यङ्ग्यकार वासुदेव लुइँटेल, लोककवि अलि मियाँ, उपन्यासकार लीलाध्वज थापा, कवि हरिहर शास्त्री, विद्वान् कवि भरतराज शर्मा 'मन्थलीय', प्रसिद्ध गद्यकवि मोहन कोइराला, भक्तकवयित्री माधुरी भट्टराई, इतिहासकार धनवज्र वज्राचार्य, अनुसन्धाता डा.गणेश भण्डारी, कुशल गद्यशिल्पी ध.च. गोतामे, बालगीतकार ध्रुवकृष्णदीप, गीतकार एवम् कवि नीरविक्रम 'प्यासी', स्रष्टा र सम्पादक कृष्णप्रसाद ज्ञवाली, बालसाहित्यकार जनकप्रसाद हुमागाईं, समालोचक डा.नरेन्द्र चापागाईं, परिश्रमी साहित्यकार घटराज भट्टराई । यस कृतिमा दिवङ्गत २५ साहित्यकारको जन्मदेखि मृत्युसम्मका महत्त्वपूर्ण कुरालाई सिलसिलेवार ढङ्गले वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ ।

## चूडामणि बन्धु (डा.)

### *१. कवि मोतीराम भट्ट*

प्रकाशक-एकता प्रकाशन, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि, काठमाडौँ;

पहिलो संस्करण-२०६३, पृष्ठ-४०, मूल्य-रु.३५।-; चित्र-किशोर जोशी; सम्पादन-केशव सुवेदी ।

विभिन्न १६ शीर्षकमा प्रस्तुत जीवनी । साहित्यकारहरूको जीवनी सङ्क्षिप्त रूपमा लेखिइरहेको अवस्थामा एक व्यक्तिका बारे नै सिङ्गो कृति लेखी जानकारी दिने प्रयास यो कृतिमार्फत भएको छ । कृतिमा युवाकवि मोतीराम भट्टको जीवनसँगसँगै योगदानको पनि विस्तृत चर्चा गरिएको छ । यसबाट बालबालिकाले प्रेरणा लिन सक्छन् । प्रस्तुति सरल, रोचक र मीठो छ ।

## छायादत्त न्यौपाने

### *१. केही असल मानिसहरू*

प्रकाशक-जम्को प्रकाशन, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०६२, पृष्ठ-३८+२=४०, मूल्य-रु.२०।-; चित्र-अनुल्लिखित ।

अरनिको, प्रतिभाकी धनी पारिजात, फाल्गुनन्द, विद्यापति, म्याडम क्युरी, साहिँलाबाजे, सङ्गीतकार नातिकाजी, मोतीराम भट्ट, समाजसेवी तुलसीमेहर, रेडियोका आविष्कारक शीर्षकमा दस जनाको जीवनी प्रस्तुत । देशभित्रका सात र विदेशका तीन जनाको जीवनी प्रस्तुत गरिएको यस सङ्ग्रहमा कलाकार, साहित्यकार, सङ्गीतकार, समाजसेवी, वैज्ञानिक र धार्मिक व्यक्तित्व समेटिएका छन् । जीवनी प्रस्तुतिको शैली वर्णनात्मक छ । साथै जीवनी प्रस्तुतिमा पनि एकरूपता देखिँदैन ।

## जयप्रसाद लम्साल

### *१. केही अमर मानिसहरू*

प्रकाशक-आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, प्राथमिक पाठ्यक्रम, पाठ्यपुस्तक विकास एकाइ, भक्तपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५५, पृष्ठ-२२+६=२८, मूल्य-अनुल्लिखित; चित्र-?; आवरण-? ।

महात्मा गान्धी, अब्राहम लिङ्कन, टाल्सटई, मेडम क्यूरी, लियोनार्दो द भिन्ची, जोन अफ आर्क, फ्लोरेन्स नाइटिङ्गेल, लक्ष्मीप्रसाद देवकोटा गरी आठ जनाको जीवनी । कक्षा ४ र ५ का विद्यार्थीका लागि बढी उपयोगी । बालसन्दर्भसामग्रीको रूपमा प्रकाशित यस कृतिले नेपाली प्रतिभा देवकोटाका अतिरिक्त विश्वविख्यात अन्य राजनीतिज्ञ, लेखक, वैज्ञानिक, चित्रकार,

समाजसेवीहरूको जीवनलाई सरल र सङ्क्षेपमा प्रस्तुत गरेको छ ।

## जयप्रसाद लम्साल र द्रोण दाहाल

### *१. हाम्रा केही प्रतिभाहरू*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५९, पृष्ठ-२८+४=३२, मूल्य-अनुल्लिखित; चित्र-लक्ष्मण भुजेल; आवरण-नवीन्द्र राजभण्डारी ।

नौ जीवनी । शीर्षक-गान्धीवादी नेता डा.डिल्लीरमण रेग्मी (दाहाल), कला र साहित्यका शिखर पुरुष लैनसिंह बाङदेल (लम्साल), धुरन्धर विद्वान् प्रा.यदुनाथ खनाल (दाहाल), हृदयरोग विशेषज्ञ डा.मृगेन्द्रराज पाण्डे (दाहाल), अमर गायिका तारादेवी (दाहाल), अभिनयकी इतिहास शान्ति मास्के (लम्साल), लोकगायक झलकमान गन्धर्व (लम्साल), दक्षिण एसियाका अद्वितीय धावक बैकुण्ठ मानन्धर (लम्साल), हिमाल आरोहणका अलौकिक प्रतिभा बाबुछिरी शेर्पा (लम्साल) । बालबोध शृङ्खलाअन्तर्गतको २३ औँ प्रकाशन । यस कृतिमा राजनीति, कला साहित्य, चिकित्सा, सङ्गीत, अभिनय, खेलकुद र पर्वताराहणजस्ता क्षेत्रमा विशिष्ट नेपाली प्रतिभाहरूबारे जानकारी दिने प्रयास गरिएको छ । वर्णनात्मक शैलीमा प्रस्तुत यस कृतिको भाषा सरल छ । यो कृति विशेषतः कक्षा चार र पाँचका विद्यार्थीका लागि तयार पारिए पनि अन्य कक्षाका विद्यार्थीका लागि पनि उपयोगी देखिन्छ ।

### *२. केही ठूला मानिसहरू*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-एपोलो अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५९, पृष्ठ-२२+६=२८, मूल्य-अनुल्लिखित; चित्र-लक्ष्मण भुजेल; आवरण-गौतम मानन्धर ।

दस जीवनी । विश्वेश्वरप्रसाद कोइराला, जयपृथ्वीबहादुर सिंह, धर्मराज थापा, खप्तड स्वामी र अमृतप्रसाद प्रधान (द्रोण दाहाल) तथा पुष्पलाल श्रेष्ठ, फाल्गुनन्द, देवकुमारी थापा, शङ्खधर शाख्वाः र तारापद चौधरी (जयप्रसाद लम्साल) । बालबोध शृङ्खलाअन्तर्गतको ३५ औँ प्रकाशन । नेपाली राजनीति, साहित्य, अध्यात्म, शिक्षा र समाजसेवाका क्षेत्रमा योगदान दिनेमध्येका केही विशिष्ट प्रतिभाहरूबारे यस कृतिमा सरल र सङ्क्षिप्त भाषामा जानकारी दिने प्रयास भएको छ । जीवनी प्रस्तुतिको शैली वर्णनात्मक छ । यो प्राथमिक तहका

विद्यार्थीका लागि तयार गरिएको हो तर अन्य कक्षाका विद्यार्थीका लागि पनि उपयोगी देखिन्छ ।

## जयप्रसाद लम्साल र शारदा अधिकारी

### *१. केही अमर मानिस*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५७ वैशाख, पृष्ठ-२०+४=२४, मूल्य-अनुल्लिखित; चित्र-लक्ष्मण भुजेल; आवरण-नवीन्द्र राजभण्डारी; सम्पादन-गोरखबहादुर सिंह ।

सात जीवनी । शीर्षक-लौहपुरुष गणेशमान सिंह (लम्साल), सङ्घर्षशील नेता मनमोहन अधिकारी (लम्साल), निर्भीक शिक्षाप्रेमी रुद्रराज पाण्डे (अधिकारी), अद्वितीय प्रतिभा अमर चित्रकार (लम्साल), वरिष्ठ सङ्गीतकार गोपाल योञ्जन (लम्साल), दिन मात्रै जान्ने, लिन नजान्ने शिक्षासेवी शङ्करदेव पन्त (अधिकारी), पूर्वका व्यास छविलाल पोखरेल (लेखक अनुल्लिखित) । बालबोध शृङ्खलाअन्तर्गतको १३ औँ प्रकाशन । यस जीवनीसङ्ग्रहमा राजनीति, शिक्षा, कला र सङ्गीत क्षेत्रका केही महत्त्वपूर्ण व्यक्तित्वहरूको जीवनलाई उनीहरूको योगदानसँगै प्रस्तुत गरिएको छ । विशेषतः कक्षा चार र पाँचका विद्यार्थीका लागि तयार पारिएको यो कृति अन्य उमेर समूहका विद्यार्थीका लागि पनि उपयोगी देखिन्छ । सरल भाषाशैलीमा कृति लेखिएको छ ।

## जी छिरिङ

### *१. विश्वप्रसिद्ध केही यात्रीहरू*

प्रकाशक-नेपाली अकादमी, दार्जीलिङ, भारत; मुद्रक-दीपक प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-१९८० अक्टोबर, पृष्ठ-४४+८=५२, मूल्य-रु.१।- (भारु); चित्र-अनुल्लिखित ।

मार्को पोलो, क्रिस्टोफर कलम्बस, बारथोलोमिउ डीयाज, भास्को ड गामा, जोहन र तिनका छोरा सेबास्टिन केबोट, फर्डिन्यान्ड मेजिलेन्, फाहियान गरी सात यात्रीको जीवनी । अन्य जीवनीसङ्ग्रहभन्दा यो कृति अलि फरक छ । यस कृतिको शीर्षकले भनेझैँ कृतिमा विश्वप्रसिद्ध यात्रीहरूको यात्राप्रसङ्ग र त्यस यात्राबाट प्राप्त उपलब्धिका बारेमा चर्चा गरिएको छ । कृति उपयोगी, जानकारीमूलक र महत्त्वपूर्ण छ ।

## जीवन अधिकारी

### *१. हाम्रा पूर्खा*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-?; पहिलो संस्करण-२०२७, पृष्ठ-३२, मूल्य-रु.१।५०; चित्र-? ।

चौध जनाको जीवनी प्रस्तुत । **नेपाली बालसाहित्यका चुनिएका पुस्तकहरूको सूची**, पृ.१३ का आधारमा ।

## तुल्सीदास महर्जन

### *१. विश्वलाई बदल्ने महान् वैज्ञानिकहरू (१)*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-पुस २०५९, पृष्ठ-४७+१=४८, मूल्य-रु.२५।-; चित्र-ध्रुव बस्नेत; आवरण-चन्द्र खाकी ।

पाँच जीवनी । शीर्षक- पृथ्वीलाई गोलो देख्ने प्रथम वैज्ञानिक अरस्तु, टेलिस्कोपका आविष्कारक महान् वैज्ञानिक ग्यालिलियो ग्यालिली, परमाणुका पिता जोन डाल्टन, विद्युत्का पिता माइकल फाराडे, रक्तसञ्चार पत्ता लगाउने वैज्ञानिक विलियम हार्वे । विभिन्न पाँच वैज्ञानिकको जीवनीको सङ्ग्रह प्रस्तुत कृति बालबालिकाका लागि प्रेरणाको स्रोतको रूपमा रहेको छ । प्रकाशकीयमा भनिएझैँ कृति पढेर हाम्रा बालबालिकाहरूले एउटा सामान्य मानिस पनि निरन्तर परिश्रम गरेपछि विख्यात मान्छे बन्न सक्दोरहेछ भन्ने शिक्षा हासिल गर्नेछन् । कृतिको भाषा सरल छ ।

## तेजप्रकाश श्रेष्ठ

### *१. चरोमान्छे*

प्रकाशक-बुक प्यालेस, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५८, पृष्ठ-५०+६=५६, मूल्य-रु.४८।-; चित्र-अनुल्लिखित ।

आठ वैज्ञानिकको जीवनी । शीर्षक-होनहार छात्र ग्यालिलियो, जिज्ञासु फुच्चे लुइस पाश्चर, चुलबुले केटी म्यारी क्यूरी, छुकछुके बालक मार्कोनी, मेहनती ठिटो आइन्स्टाइन, निर्धो केटो माइकल फराडे, चरोमान्छे राइट दाजुभाइ, टुहुरो बालक आइज्याक न्युटन । विश्वविख्यात वैज्ञानिकहरूको जीवनप्रसङ्गसँगै उनीहरूको आविष्कार र त्यसबाट विश्वले प्राप्त गरेको उपलब्धिबारे जानकारी

दिने यस पुस्तकमा प्रयास भएको छ । शीर्षकमै वैज्ञानिकहरूका बारेमा जानकारी दिने विशेषण जोडिएकाले शीर्षकले नै बालबालिकालाई आकर्षित गर्ने देखिन्छ । पुस्तक जानकारीमूलक र प्रेरणाप्रद रहेको छ । पुस्तकमा वैज्ञानिकहरूको बाल्यकाल, युवावस्था, काम, मिहिनेत र सफलताको कथा पनि समाविष्ट छन् । यस पुस्तकमा संवादका माध्यमबाट जीवनीलाई प्रस्तुत गरिएको छ ।

### २. *विज्ञानका पिता*

प्रकाशक-बुक प्यालेस, काठमाडौँ; मुद्रक-क्रियटिभ लिङ्क प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६३, पृष्ठ-४८, मूल्य-रु.५८।-; चित्र/आवरण-समन श्रेष्ठ ।

नौ वैज्ञानिकको जीवनी । शीर्षक-विज्ञानका पिता : लेखक जुल्स वर्न, विध्वंसात्मक विज्ञानका पिता : अल्फ्रेड नोबेल, परमााणु बमका पिता : जी. रबर्ट अपेनहाइमर, विकासवादका प्रवर्तक : डार्विन, टेलिफोनका पिता : ग्राहम बेल, टेलिभिजनका पिता : जोन लोगी बैर्ड, बिफर खोपका शोधकर्ता : उडवार्ड जेनर, विश्वमानव : लियोनार्डो दा भिन्ची, एक्स-रेका पिता : प्रो.रेनगन । यो कृति पनि लेखक श्रेष्ठको अघिल्लो कृतिकै निरन्तरता हो । यसमा पनि विश्वविख्यात केही वैज्ञानिकको जीवन, उनीहरूको आविष्कार र ती आविष्कारबाट विश्वले प्राप्त गरेको उपलब्धिबारे सरल, स्पष्ट र सङ्क्षेपमा जानकारी दिइएको छ ।

## देवकुमारी सिंह

### १. *पुण्यात्मा आमा*

प्रकाशक-रामकृष्ण वेदान्त आश्रम, दार्जीलिङ; मुद्रक-रत्नाकर प्रेस, कलकत्ता, भारत; पहिलो संस्करण- १९५३ इ., पृष्ठ-?, मूल्य-?; चित्र-नभएको ।

एउटा मात्र जीवनी । यस कृतिमा स्वामी विवेकानन्दका गुरु रामकृष्ण परमहंसकी श्रीमती शारदादेवीको सेवा, त्याग र धार्मिक भावनालाई प्रस्तुत गरिएको छ ।

### २. *छ तारा*

प्रकाशक-रामकृष्ण वेदान्त आश्रम, दार्जीलिङ; मुद्रक-रत्नाकर प्रेस, कलकत्ता, भारत; पहिलो संस्करण-१९५३ इ., पृष्ठ-२८, मूल्य-८ आना (भारु); चित्र-? ।

छ जनाको जीवनी । शीर्षक-राष्ट्रपिता स्व.श्री ५ त्रिभुवन, आदिकवि भानुभक्त

आचार्य, राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाह, साहस र वीरताका प्रतीक अमरसिंह थापा, बलभद्र कुँवर, कलाकार अरनिको । नेपाली राष्ट्रिय विभूतिका रूपमा रहेका छ विशिष्ट नेपालीहरूबारे जानकारी दिने प्रस्तुत कृतिको प्रयास देखिन्छ । वर्णनात्मक शैलीमा लेखिएको यो कृति बालोपयोगी छ ।

## देवीप्रसाद वनवासी

### *१. असल मान्छे*

प्रकाशक-जनता पुस्तकालय, स्याङ्जा; मुद्रक-लुष प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०४७ श्रीपञ्चमी, पृष्ठ-१२+६=१८, मूल्य-रु.५।-; चित्र-नभएको ।

यस कृतिमा नेपाली राजनीतिका महत्त्वपूर्ण व्यक्तित्व विश्वेश्वरप्रसाद कोइरालाको जीवनीलाई बालोपयोगी ढङ्गले सङ्क्षेपमा प्रस्तुत छ । यस कृतिमा वर्णनात्मक शैलीमा कोइरालाको जीवनीलाई प्रस्तुत गर्ने प्रयास गरिएको छ । कृति उपयोगी छ ।

### *२. अद्‌भूत मान्छे*

प्रकाशक-चित्रलेखा प्रकाशन, स्याङ्जा; मुद्रक-ग्लोबल अफसेट प्रेस, स्याङ्जा; पहिलो संस्करण-२०५६ असोज । पृष्ठ-५९+९=६८, मूल्य-रु.५०।-; चित्र-नभएको ।

लौहपुरुषको उपनामबाट चिनिने साहसी राजनीतिज्ञ गणेशमान सिंहको जीवनीलाई यसमा प्रस्तुत गरिएको छ । यस कृतिको भाषा, प्रस्तुति र व्याख्यात्मकता भने बालबालिकाका लागि रुचिकर हुन नसक्ने देखिन्छ ।

## दैवज्ञराज न्यौपाने

### *१. हुने बिरुवाको चिल्लो पात*

प्रकाशक-नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौँ; मुद्रक-लुष प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०४५, पृष्ठ-६४+८=७२, मूल्य-अनुल्लिखित; चित्र-हरिप्रसाद शर्मा र अमर बालक; आवरण-टेकवीर मुखिया ।

सत्र जनाको बालजीवनी । शीर्षक-आत्मज्ञानी बालक, पूजा गर्ने धनु, गङ्गाको पानी थुन्ने केटो, दयालु राजकुमार, कुरूप मान्छे, अक्कली ठिटो, बाल संन्यासी, कलाकार केटो, गोठाला राजा, आँसु पुछ्ने छोरो, सङ्गीतको जादूगर, सिकर्मीको छोरो, शीत टिप्ने कवि, टुहुरा साधक, उज्यालो छर्ने केटी, रोगी

बालक, लठुवा विद्यार्थी । बालव्यक्तित्वसङ्कलन भनिएको यो पुस्तकमा ठूला मानिसका बालककालको जीवनी समेटिएको छ । विषयगत विविधता र कथात्मक शैलीका कारण यो कृति महत्त्वपूर्ण हुन पुगेको छ । यस कृतिले ठूला मानिसहरू पनि साना छँदा सामान्य मानिसभैँ हुन्छन् भन्ने जानकारी बालबालिकालाई दिई उनीहरूलाई पनि सिर्जनात्मक कार्यतिर अग्रसर हुन उत्प्रेरित गर्छ ।

## पारसमणि प्रधान

### *१. अमर जीवनी (सम्पा.)*

प्रकाशक-भाग्यलक्ष्मी प्रकाशन, कालिम्पोङ, भारत; मुद्रक-मणि प्रिन्टिङ वर्क्स, कालिम्पोङ, भारत; पहिलो संस्करण-१९६४ जून, पृष्ठ-९६+८=१०४, मूल्य-रु.१।२५ (भारु); चित्र-पूर्णप्रसाद प्रधान ।

एघार जीवनी । शीर्षक-डा.मोन्तेसोरि, सरोजिनी नायडू, मेडम क्यूरी, लक्ष्मीबाई, सिस्टर निवेदिता, महादेवी वर्मा, हेलेन केलर, विजयलक्ष्मी पण्डित, एनी बेसेन्ट, कस्तूर बा, पर्ल बक । डा.मोन्तेसोरि श्रीमती मधुमालती प्रधान र सिस्टर निवेदिता श्रीमती अमृतादेवी क्षेत्रीद्वारा लिखित, बाँकी सबैको लेखक पारसमणि प्रधान । पहिलो खण्ड । विभिन्न लेखकद्वारा लेखिएका विश्वविख्यात महिलाहरूको जीवनी यस सङ्ग्रहमा सङ्कलित छन् । सङ्कलित जीवनीमध्ये अधिकांश भारतका छन् । कृतिले समेटेका जीवनीहरूमा वैज्ञानिक, साहित्यकार, राजनीतिज्ञ, समाजसेवी, साहसी महिला आदि छन् । सङ्कलित जीवनीले सम्बन्धित व्यक्तिको जीवन र योगदानलाई बालबालिकासमक्ष प्रस्तुत गरेको छ ।

### *२. अमर जीवनी (दोस्रो खण्ड)*

प्रकाशक-भाग्यलक्ष्मी प्रकाशन, कालिम्पोङ, भारत; मुद्रक-मणि प्रिन्टिङ वर्क्स, कालिम्पोङ, भारत; पहिलो संस्करण-१९६४ सितम्बर, पृष्ठ-९६+८=१०४, मूल्य-रु.१।२५ (भारु); चित्र-भोटू प्रधान र पूर्णप्रसाद प्रधान ।

तेह्र जीवनी । शीर्षक- ?, मायादेवी क्षेत्री, तरु दत्त, महात्मा बुद्ध, दीनबन्धु ऐण्डरूज, राधानाथ शिक्दार, स्वामी विवेकानन्द, महावीरप्रसाद द्विवेदी, रवि वर्मा, विष्णु दिगम्बर, वाल्ट ह्वीटम्यान, जमशेदजी ताता, जे चोङ-खा-पा । प्रश्नवाचक शीर्षक भएको जीवनी हरिनाथ देको । **अमर जीवनी** (दोस्रो खण्ड) नाम दिइएको यस कृतिका समावेश गरिएका सबै जीवनीका लेखक पारसमणि

प्रधान भए पनि कृतिमा सम्पादक भनिएको छ । समेटिएका जीवनीका व्यक्तिहरू एक/दुई जनाबाहेक सबै भारतीय हुन् । यसमा भएका जीवनीहरू भारतको स्वतन्त्रता, विकास, आध्यात्मिक चिन्तन, उद्योग, साहित्यलगायतका क्षेत्रमा योगदान दिएका व्यक्तिहरू बढी छन् ।

## प्रभात सापकोटा

### *१. विश्वप्रसिद्ध ३५ वैज्ञानिक*

प्रकाशक-हजुरको प्रकाशन, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०६२, पृष्ठ-१०६+४=११०, मूल्य-रु.६०।-; चित्र-अनुल्लिखित ।

यस पुस्तकमा विश्वका विभिन्न देशका महत्त्वपूर्ण वैज्ञानिकका जीवन, आविष्कार एवम् योगदानका बारेमा सङ्क्षेपमा अत्यन्त सरल र मीठो भाषामा वर्णन गरिएको छ । वर्णित वैज्ञानिकहरूमा नेपाली वैज्ञानिक लक्ष्मीपति पाँडे, गेहेन्द्र शमशेर जङ्गबहादुर राणा, नरबहादुर भारती र हुतराम वैद्य पनि छन् । कृति अत्यन्त उपयोगी छ ।

## बदरीनाथ भट्टराई

### *१. नेपालका तारा*

प्रकाशक-नेपाली भाषा प्रकाशिनी समिति, काठमाडौँ; मुद्रक-जोरगणेश प्रेस प्रालि, काठमाडौँ; पहिलो सस्करण-२००९; तेस्रो संस्करण-२०१९, पृष्ठ-८३+९=९२, मूल्य-६० पैसा; चित्र-नभएको ।

सत्र जीवनी । शीर्षक-अरमुडि, पलिपाओ, मुकुन्दसेन, प्रताप मल्ल, द्रव्य शाह, पृथ्वीनारायण शाह, कालु पाँडे, बहादुर शाह, रामकृष्ण कुँवर, अमरसिंह थापा, दामोदर पाँडे, भक्ति थापा, बलभद्र, भीमसेन थापा, गुरु रङ्गनाथ, जङ्गबहादुर, त्रिभुवनवीरविक्रम शाहदेव । **नेपालका तारा** शीर्षकले नै यस कृतिमा समेटिएका व्यक्तित्व नेपालका महत्त्वपूर्ण व्यक्तित्व हुन् भन्ने बुझिन्छ । बालबालिकामा देशभक्तिको बीउ रोप्ने उद्देश्यले कृति तयार पारिएको नेपाली भाषानुवाद् परिषद्को भनाइ छ । जीवनीको प्रस्तुति सरल भाषामा भएको छ । यो कृति कक्षा १ देखि ८ सम्मको पाठ्यपुस्तकहरूमा बीचबीचमा राख्नका लागि लेखिए पनि पछि छुट्टै कृतिको रूपमा प्रकाशित भएको लेखकको भनाइ छ ।

## बन्धु

### *१. महाकवि लक्ष्मीप्रसाद देवकोटा*

प्रकाशक-विश्वबन्धु प्रकाशन, पाल्पा; मुद्रक-मञ्जुश्री प्रेस, ललितपुर; पहिलो संस्करण-२०१८, पृष्ठ-६२, मूल्य-रु.१।-; चित्र-नभएको ।

यो कृति महाकवि लक्ष्मीप्रसाद देवकोटाको जीवनका महत्त्वपूर्ण घटनाहरूलाई समावेश गरी लेखिएको बालोपयोगी जीवनी हो । बन्धु डा.चूडामणि बन्धुको सङ्क्षिप्त नाम हो ।

## बालकृष्ण सम

### *१. हाम्रा राष्ट्रिय विभूतिहरू*

प्रकाशक-श्री ५ को सरकार, सूचना विभाग; मुद्रक-?; पहिलो संस्करण-२०२४ पुस, पृष्ठ-?, मूल्य-अनुल्लिखित; चित्र-? ।

नेपालका तत्कालका १३ राष्ट्रिय विभूतिहरू राजा जनक, सीता, गौतमबुद्ध, अंशुवर्मा, अरनिको, रामशाह, राष्ट्रनिर्माता पृथ्वीनारायण शाह, वीर बलभद्र, अमरसिंह थापा, भीमसेन थापा, भानुभक्त, मोतीराम भट्ट, राजा त्रिभुवनबारे जानकारी दिइएको पुस्तक । **नेपाली बालसाहित्यका चुनिएका पुस्तकहरूको सूची**का आधारमा ।

## बाल विकास समाज (प्रकाशक)

### *१. केही वरिष्ठ समाजसेवीहरू*

प्रकाशक-बाल विकास समाज, काठमाडौँ; मुद्रक-अल्फा सेक्रेटरियल सर्भिसेज, काठमाडौँ; पहिलो संस्करण-२०५३ पुस, पृष्ठ-८७+७=९४, मूल्य-रु.३०।-; आवरण-आलोक चालिसे; सम्पादन-अनुल्लिखित ।

विभिन्न नौ समाजसेवीको सङ्क्षिप्त जीवनी । शीर्षक-चन्द्रकान्तादेवी (भिक्टर प्रधान), बद्रीविक्रम थापा (नारदमणि पौड्याल), ज्ञानदिलदास (शारदा अधिकारी 'सपना'), खप्तडबाबा (रमेश विकल), जयपृथ्वीबहादुर सिंह (विजय चालिसे), शुक्रराज शास्त्री (भुवनलाल प्रधान), दयावीरसिंह कंसाकार (रञ्जुश्री पराजुली), षडानन्द अधिकारी (दैवज्ञराज न्यौपाने), तुलसीमेहर श्रेष्ठ (कृष्णप्रसाद पराजुली) । विभिन्न क्षेत्रमा संलग्न रहेर समाजसेवाका क्षेत्रमा उल्लेखनीय योगदान गर्ने समाजसेवीहरूबारेको यस पुस्तकले समाजसेवीहरूका साथसाथै

उनीहरूको समयका कतिपय महत्त्वपूर्ण कुरा, तत्कालीन अवस्था र नेपालको इतिहासका बारेमा पनि जानकारी दिन्छ । यस दृष्टिले कृति महत्त्वपूर्ण र अत्यन्त उपयोगी छ ।

## भिक्टर प्रधान

### *१. गौतमबुद्ध*

प्रकाशक-एकता प्रकाशन, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६३, पृष्ठ-७८, मूल्य-रु.५०।-; चित्र-किशोर जोशी; सम्पादन-चूडामणि बन्धु र केशव सुवेदी ।

विभिन्न तेइस अध्यायमा विभाजित जीवनी । अध्यायका शीर्षक-सिद्धार्थको जन्म, सिद्धार्थको बाल्यकाल, सिद्धार्थको युवावस्था, अशोकोत्सव र विवाह, सांसारिक दुःख र अनित्यताको ज्ञान, महाभिनिष्क्रमण, सिद्धार्थद्वारा ज्ञानको खोज, सिद्धार्थको तपस्या, सिद्धार्थलाई बोधिज्ञान प्राप्ति, बुद्धको पहिलो धर्मचक्रप्रवर्तन, बुद्धको पहिलो वर्षावास र बुद्धसङ्घको वृद्धि, मगधनरेश बिम्बिसारलाई दिएको वचन पूरा गर्न बुद्ध राजगृहतर्फ, बुद्धको पहिलो कपिलवस्तुयात्रा, अनाथपिण्डक, आनन्द र देवदत्तजस्ता अनुयायीहरू, बुद्धको दिनचर्या, शुद्धोदनको मृत्यु र महारानी महाप्रजापतिको भिक्षुत्व, बुद्धको फेरि कपिलवस्तु आगमन, बुद्धको लोकप्रियता, बुद्ध र अङ्गुलिमाल, बुद्धसँग वैरभाव, बुद्धको परिनिर्वाण, बुद्धअस्थिका निम्ति तँछाडमँछाड, बुद्धवचन र धर्मको संरक्षण । गौतमबुद्ध विश्वमानव हुन् । नेपालका सुपुत्र बुद्धबारे धेरै कृति लेखिएका छन् । यस कृतिमा पनि गौतमबुद्धका बारेमा विभिन्न शीर्षकमा विस्तृत जानकारी दिइएको छ । कृति तथ्यपरक, उपयोगी र शिक्षाप्रद छ ।

## लोकेशचन्द्र प्रधान

### *१. अमर जीवनी*

प्रकाशक-नवयुग नेपाली पुस्तक मन्दिर, दार्जीलिङ, भारत; मुद्रक-दीपक प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-२०१८, पृष्ठ-३१+५=३६, मूल्य-५० नयाँ पैसा (भारु); चित्र-नभएको ।

दस जीवनी । शीर्षक-दार्शनिक सुकरात, अन्धा कवि मिल्टन, विश्वकवि रवीन्द्रनाथ टैगोर, महाकवि देवकोटा, विदुषी सरोजिनी नायडू, लोक-मानव लिंकन, यशस्वी राजा प्रताप मल्ल, राष्ट्रपिता पृथ्वीनारायण शाह, आचार्य

जगदीशचन्द्र, वैज्ञानिक रमन । यस कृतिमा नेपाल, भारत र अन्य देशका महत्त्वपूर्ण दस व्यक्तित्वको जीवनी प्रस्तुत गरिएको छ । बालबालिकाका लागि उपयोगी यो कृतिबाट उनीहरूलाई जीवनमा अघि बढ्न उत्प्रेरित गर्छ ।

"काव्य-साहित्य, कथा-साहित्यभन्दा जीवनी-साहित्य अगम र उच्चस्तरीय हुन्छ । कल्पनाको उडानभन्दा यथार्थवादी जञ्जीरले जकडिएको हुन्छ । ...प्रस्तुत पुस्तक **अमर जीवनी**मा प्रतिभाशाली नारी, महापुरुष र विचारकहरूको यथार्थ जीवन-चरित्रको रूपरेखा चित्रित गरिएको छ ।...अब कथाप्रेमी पाठकवर्गले कथाका साथसाथै जीवनी-साहित्य अलिअलि पढिदिए, मन लगाइदिए निःसन्देह भविष्यमा आवश्यकीय विषय बन्ने छ ।" (लेखकीय, *भूमिका,* पृ.ख)

## विजय चालिसे

### *१. सेवाको प्रतिमूर्ति : दयावीरसिंह कंसाकार*

प्रकाशक-परोपकार आदर्श हाइस्कुल, काठमाडौँ; मुद्रक-हिसि प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०४५, पृष्ठ-१०+१०=२०, मूल्य-अनुल्लिखित; चित्र-अनुल्लिखित; आवरण-स्वयम्भू वज्राचार्य ।

प्रख्यात समाजसेवी दयावीरसिंह कंसाकारका बारेमा जानकारी दिने जीवनीपरक पुस्तक । दयावीरसिंह कंसाकार नेपालका सुप्रसिद्ध समाजसेवी हुन् । विजय चालिसे उनै कंसाकारको जीवनी, बहुआयामिक व्यक्तित्व र योगदानलाई यस सङ्क्षिप्त कृतिमा समेटेका छन् । कृति विद्यार्थीहरूका लागि उपयोगी छ र यसको भाषाशैली सरल छ ।

## विश्वम्भर चञ्चल

### *१. अष्ट चिरञ्जीवी*

प्रकाशक-नेपाल बालसाहित्य समाज, काठमाडौँ; मुद्रक-संयुक्त प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५५, पृष्ठ-३४+२=३६, मूल्य-अनुल्लिखित; चित्र-आलोक चालिसे ।

विश्वमा आठ चिरञ्जीवी मानिसहरूका बालजीवन प्रस्तुत गरिएको कृति । शीर्षक-कन्फुसियस, म्याडम क्युरी, जर्ज वासिङ्गटन कार्भर, थोमस अल्भा एडिसन, हेलन केलर, महात्मा गान्धी, जयपृथ्वीबहादुर सिंह, फ्लोरेन्स नाइटिङ्गल । लेखकीय र प्रकाशकीय दुवै नभएको । यस कृतिमा एक नेपाली प्रतिभासहित

आठ जनाको बाल्यजीवनलाई प्रस्तुत गरिएको छ। जीवनी प्रस्तुतिको शैली रोचक र बालबालिकालाई आकर्षण गर्ने किसिमको छ।

## सुमन पोखरेल

### *१. हाम्रा सन्तमहात्माहरू*

प्रकाशक-पाठ्यक्रम विकास केन्द्र, भक्तपुर; मुद्रक-चित्रवन प्रिन्टर्स प्रालि, चितवन; पहिलो संस्करण-२०६३, पृष्ठ-३२+४=३६, मूल्य-अनुल्लिखित; चित्र/आवरण-टार्जन राई; सम्पादन-जयप्रसाद लम्साल।

नौ जीवनी। शीर्षक-अँध्यारो बस्तीका उज्याला तारा : महागुरु फाल्गुनन्द, दीर्घजीवी स्वामी खप्तड बाबा, शिवपुरी बाबा, अवतारी साधु : स्वर्गद्वारी महाप्रभु, समाज सुधारक सन्त ज्ञानदिलदास, सङ्घर्षका प्रतीक डा.स्वामी प्रपन्नाचार्य, धर्मवीर कर्मवीर योगी नरहरिनाथ, सरलता र चमत्कारका प्रतिमूर्ति गलेश्वर बाबा, शिक्षाप्रेमी बाबागुरु ब्रह्मचारी षडानन्द। बालबोध शृङ्खलाअन्तर्गतको ५५ औँ प्रकाशन। नेपालमा जन्मेका र बाहिरबाट आई आजीवन नेपालमा बसेर साधना गरेका नौ जना सन्तमहात्माका प्रेरणास्पद जीवनी यस कृतिमा समेटिएका छन्। नेपाली सन्तमहात्माबारे लेखिएको पहिलो बालजीवनी कृति हो। यसबाट बालबालिकाले सन्तमहात्माहरूको त्याग, उनीहरूका सन्देश र दीर्घजीवी हुनुका रहस्यबारे जानकारी पाउँछन्। कृति अत्यन्त उपयोगी र प्रेरणादायी छ। प्राथमिक तहका बालबालिकाका लागि लेखिएको भए पनि कृति अन्य उमेरसमूहका विद्यार्थीका लागि पनि उपयोगी छ।